नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

पथलैया, बारा

## लिलाम बिक्रीको शीलबन्दी दरभाउपत्र आब्हानसम्बन्धी ७ (सात) दिने सूचना - पाना २

(प्रकाशित मिति २०८१/१०/२९)

यस कार्यालयको सूचना दर्ता नं. २२९-०८१/८२ को राजस्व चुहावट मुद्दामा कार्यालयको कब्जामा रहेका तपशील बमोजिमका मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामै शिलवन्दी दरभाउपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका इच्छुक फर्म तथा कम्पनीबाट निम्न शर्तको अधिनमा रही राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्रसम्वन्धी कागजातहरु खरिद गर्न निवेदन साथ नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.कर तथा आयकरमा दर्ता भएको दर्ता प्रमाणपत्र र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति सहित रु. २,०००/- फिर्ता नहुने गरी यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट रकम बुझाएको रसिद संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयको लिलाम शाखाबाट कार्यालय समयमा खरिद गर्न सकिने छ । अन्तःशुल्क लाग्ने पदार्थको हकमा अन्तःशुल्क दर्ता प्रमाणपत्रको छायाँप्रति पेश गर्नु पर्नेछ ।

२. आफूले कबोल गर्ने दरभाउपत्रसम्बन्धी कागजातहरु कम्पनी तथा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोप्राइटर आफैंले वा निजको अख्तियारी दिएको आधिकारिक व्यक्तिले सहिछाप गरी शीलबन्दी खाम बाहिर "श्रीमान प्रमुख अनुसन्धान अधिकृत, राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारा" र माथिपट्टी सूचना नं. र आ.व. उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन मध्यान्ह १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । यसरी दर्ता हुन आएका दरभाउपत्र सोही दिन १७:०० बजेदेखि कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका दरभाउपत्रदाता आफैं वा आधिकारिक प्रतिनिधिको रोहवरमा राजस्व अनुसन्धान कार्यालय, पथलैयामा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, कलैया बाराको राष्ट्रिय वाणिज्य बैंक, कलैया शाखामा रहेको धरौटी खाता नं. १२६०१००१०२०३०००० मा कार्यालयको कोड नं.- ३०१०५२१०१ उल्लेख गरी फर्मको नामबाट रकम जम्मा गरेको सक्कल भौचर नै दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

४. आफूले कबोल गरेको मूल्य (मु.अ.कर वाहेकको रकम) अङ्क र अक्षर दुबैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५. दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम दाखिला गरी सामान उठाई लैजानु पर्नेछ ।

६. मालसामानको भौतिक अवस्था हेर्न चाहेमा दिनको ३.०० बजे देखि ४.०० बजे भित्र कार्यालय समयमा सम्पर्क गरी हेर्न सकिनेछ । दरभाउपत्र खरिद गर्नेहरुले मात्र मालसामानहरू हेर्न सक्नेछन् ।

७. दरभाउपत्रसम्बन्धी कागजातहरु खरिद/दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु भोलिपल्ट कार्यालय समयमा हुनेछ ।

८. यस कार्यालयको नाममा धरौटी खातामा रकम जम्मा गर्ने तर दरभाउपत्रसाथ धरौटी रसिद पेश नगर्ने, दरभाउपत्र फाराममा विवरण नभरी धरौटी रसिद संलग्न गरी पेश गर्ने, यो सूचना प्रकाशित हुनुभन्दा अघि नै धरौटी दाखिला गर्ने तथा दरभाउपत्र नै पेश नगरी धरौटी माग गर्न आउने फर्महरूको धरौटी रकम फिर्ता गर्न कार्यालय बाध्य हुने छैन ।

९. यस सम्बन्धी अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछ ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

**तपशील**

| क्रसं | सू.द.नं. | मालबस्तुको विवरण | न्युनतम मूल्य (मू. अ. कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | २२९-०८१/८२ | सारी १३८ पिस, स्वीटर १६० पिस, कुर्था सुरुवाल २५८७३ पिस, टप्स ९३३ पिस, ज्याकेट २०९ पिस, जुत्त ६४ जोर, चप्पल ८० जोर, टेम्पर ग्लाँस २२४२ के.जी., एयरबर्ड २३४० पिस, मोबाईल कभर १४७४ केजी, जिन्स पाईन्ट १०४ पिस, स्मार्ट वाच २२९६ पिस, मोवाईल डिस्प्ले १९९० पिस, मोबाईल १०५ नं.को नोकिया २०० पिस, कस्मेटिक १५०० पिस, सर्ट ३० पिस, ड्रेस मेटिरियल ८७० मीटर, टि.भि.(६५ ईन्च) १ पिस | ४,२६,९२,२३०।- | |